# धुनिबेशी नगरपालिका

खानीखोला, धादिङ

# सूचना प्रकाशनको लागि राष्ट्रिय स्तरमा सिलवन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/०६**

१. यस कार्यालयबाट प्रकाशित हुने सार्वजनिक खरिद तथा बोलपत्र आव्हान गर्दा प्रकाशित गरिने सूचनाहरुको साथै अन्य सूचना र विज्ञापन स्थानियस्तरबाट र काठमाण्डौंबाट प्रकाशित हुने राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु पर्ने भएकोले उक्त कार्य सिलवन्दी दरभाउपत्रबाट गर्नु परेकोले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र दरभाउपत्र फारम दस्तुर रु. १,०००/- अक्षरेपी रु एक हजार मौत्र (फिर्ता नहुने) राष्ट्रिय वाणिज्य बैंक, खानीखोला मा रहेको आन्तरिक आम्दानी खाता १०८०१००२०१०१०००३ जम्मा गरी चालु आ.व.को नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र संलग्न गरि दरभाउपत्र फारम खरिद गर्न इच्छुक संचार प्रतिष्ठान, फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। दरभाउपत्र फारम धुनिबेशी नगरपालिका खानीखोला बाट प्राप्त गर्न सकिनेछ साथै नगरपालिकाको वेभसाईटबाट पनि डाउनलोड गर्न सकिने छ।

२. आर्थिक वर्ष २०८०/८१ को (दरभाउ स्वीकृत भए पश्चात) एकद्वार प्रणाली (one door system) मार्फत स्थानियस्तर बाट र काठमाण्डौं बाट प्रकाशित हुने राष्ट्रिय दैनिक पत्रिकाको भित्री सादा पृष्ठमा प्रकाशन हुने सूचनाको न्यूनतम दररेटमा प्रकाशित गर्दा इच्छुक संचार प्रतिष्ठान, फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीहरुलाई यो सूचना प्रकाशित गरिएको छ।

३. दरभाउपत्र फारममा राष्ट्रिय दैनिकको भित्री पृष्ठमा प्रकाशित हुने सूचना प्रति सि.सि. न्यूनतम दररेटमा प्रकाशित गर्न इच्छुक संचार प्रतिष्ठान, फर्म, कम्पनी तथा विज्ञापनहरु एजेन्सीको दरभाउ पत्र स्वीकृत गरिनेछ। दफा २ मा उल्लेखित प्रत्येक राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित गर्दा लाग्ने प्रति सि.सि. रकम छुट्टाछुट्टै उल्लेख गरी सिलवन्दी फारम दर्ता गर्नुपर्ने छ।

४. सिलवन्दी दरभाउ पत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरि आर्कोको नाममा दर्ता गरेको र कुनै पनि सर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

५. सूचना प्रकाशित भएको ३० दिनको १२:०० बजे भित्र आफै खरिद गरेको दरभाउ रीतपूर्वक भरी सिलवन्दी गरी यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ। दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहोवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

६. सिलवन्दी दरभारउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

७. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

८. एक आपसमा मिलोमतो गरी दरभाउपत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउपत्र स्वीकृत गरिने छैन।

९. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारिक व्यक्तीको सही छाप अनिवार्य रुपमा हुनु पर्ने छ साथै दरभाउपत्रदाताले पेश गरेका प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने छ।

१०. यस सूचनामा उल्लेख भएको यसै अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलीत नेपालको कानून अनुसार हुनेछ। विस्तृत जानकारीका लागि धुनिवेशी नगरपालिकाको कार्यालय खानीखोला, धादिङमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

CS CamScanner

# धुनिबेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानीखोला,धादिङ
बागमती प्रदेश, नेपाल

सूचना तथा विज्ञापन प्रकाशनको लागि राष्ट्रीय स्तरमा शिलवन्दी दरभाउपत्र फारम

| सि.न. | काठमाण्डौंबाट प्रकाशित हुने राष्ट्रिय दैनिकको नाम | कवोल दर प्रति सिसि अंकमा (मू.अ.कर बाहेक) | कवोल दर प्रति सिसि अक्षरमा (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | गोरखापत्र | | |
| २ | कान्तिपुर | | |
| ३ | नागरिक | | |
| ४ | नयाँ पत्रिका | | |
| ५ | नेपाल समाचारपत्र | | |
| ६ | अन्नपूर्ण पोष्ट | | |
| ७ | कारोबार | | |
| ८ | राजधानी | | |

**नोटः-अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।**

दरभाउपत्रदाताको नामः-
ठेगानाः-
आधिकारीक व्यक्तीको नामः-
हस्ताक्षरः-
सम्पर्क नं.ः-

CamScanner